म.जि. प्र.का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ६९ बिहीबार, २१ असोज २०७८ प्रतिपदा ने. सं. ११४१ कौलाथ्व 7 October, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## काठमाडौंको ६ करोड सहयोगमा मानव सेवा आश्रम निर्माण हुने

काठमाडौं/काठमाडौं महानगरपालिकाको आर्थिक सहयोगमा नागार्जुन नगरपालिकामा 'सहिद धर्मभक्त माथेमा महानगर मानव सेवा आश्रम' भवन निर्माण हुने भएको छ । नागार्जुन- ६ स्थित सेतो गुम्बासँग जोडिएको बागेश्वरी मन्दिर परिसरको करिब १८ रोपनी सार्वजनिक जग्गामा उक्त भवन निर्माण हुने भएको हो । अव्यवस्थित सहयोगापेक्षी सडक मानव व्यवस्थापन एवं मानवता प्रवर्द्धनका लागि मानव सेवा आश्रम सञ्चालन प्रयोजनका लागि भवन निर्माण गर्ने सम्झौतापत्रमा हस्ताक्षर सम्पन्न भएको छ ।

सम्झौतापत्रमा महानगरका तर्फबाट प्रमुख विद्यासुन्दर शाक्य, नागार्जुन नगरपालिका तर्फबाट मोहनबहादुर बस्नेत र मानव सेवा आश्रमका तर्फबाट अध्यक्ष रामजी अधिकारीले हस्ताक्षर गरेका छन् । खुला आकाशमुनि कष्टकर जीवनयापन गरिरहेकाहरूको उद्धार, उपचार, पालनपोषण तथा पारिवारिक पुनर्मिलन गराउने र त्यस्ता सहयोगापेक्षी मानव व्यवस्थापन एवं मानवता प्रवर्द्धनलाई दिगो व्यवस्थापन गर्न सहिद आश्रम निर्माण गरी सञ्चालनमा ल्याउन लागिएको हो ।

## यातायात व्यवसायी आन्दोलित

### ११ बुँदे माग राख्दै मन्त्रालयमा धर्ना

साझाकुरा संवाददाता

हेटौंडा/भाडा समायोजनलगायत ११ बुँदे माग राख्दै हेटौंडामा देशभरका यातायात व्यवसायी आन्दोलनमा उत्रिएका छन् ।

हेटौंडास्थित भौतिक पूर्वाधार विकास मन्त्रालय परिसरमा संघीय र प्रदेश सरकारसँग ११ बुँदे माग राख्दै अनिश्चितकालिन धर्ना दिँदै आन्दोलनमा उत्रिएका हुन् । सार्वजनिक यातायात केन्द्रीय महासंघ, नेपालले ११ बुँदे माग राख्दै बुधबारबाट भौतिक पूर्वाधार विकास मन्त्रालय परिसर हेटौंडामा अनिश्चितकालिन धर्ना दिँदै आन्दोलनमा उत्रिएका हुन् । ९ भदौमा महासंघका अध्यक्ष डोलनाथ खनालसहितको टोलीले मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यसमक्ष ११ बुँदे माग पेश गरेको थियो ।




महासंघले यातायातको भाडा समायोजन, २० बर्षे गाडीबारे पुनरावलोकन, मौद्रिक नीतिमा यातायातका समस्या समावेश, यातायातका वर्तमान नियमावली संशोधन, सडक ऐन तत्काल लागू गनुपर्ने माग गरेको छ । यी मागहरु सम्बोधनबारे सरकारी तवरबाट हालसम्म कुनै कदम अघि बढाउँदा यातायात व्यवसायीले समस्या झेल्न बाध्य भएको अध्यक्ष खनालको भनाइ छ । महासंघले यातायात व्यवसायीको माग पुरा गर्न उच्च स्तरीय यातायात आयोग गर्न गनुपर्ने माग लामो समयदेखि राख्दै आएको जनाएको छ ।

महासंघले पेश गरेको मागबारे प्रदेश सरकारले कुनै कदम अघि नबढाएपछि बुधबारबाट अनिश्चितकालिन धर्ना दिइएको अध्यक्ष खनालले बताए । 'हाम्रा मागहरुबारे कुनै सुनुवाइ नभएपछि हामीले १० साउनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई देशभर का यातायात व्यवसायीको तर्फबाट सांकेतिक रुपमा साँचो बुझाएका थियौं ।' उनले भने, 'साँचो बुझाउँदा समेत संघीय, प्रदेश सरकारबाट कुनै कदम अघि नबढाएपछि धर्ना दिन बाध्य भएका हौं ।'

२०६९ देखि यता हाल सम्म बैज्ञानिक भाडा नीतिअनुसार अन्तर प्रदेश अन्तर्गत यातायातको भाडा समायोजनमा कुनैपनि निर्णय हुने नसकेको महासंघका अध्यक्ष खनालले गुनासो सुनाए । उनले ट्याक्सीको फ्लेग डाउन २०६५ सालदेखि कायम हुन नसकेको बताए । देशभर सार्वजनिक यातायात गरिएको १० खर्ब बढी लगानी जोखिममा परेको यातायात व्यवसायीहरुको दाबी छ ।

महासंघले समय सापेक्षित बीमा नीति परिमार्जन, अवैज्ञानिक ट्राफिक कारबाहीलाई सुधार, सार्वजनिक यातायातमा जारी इम्बोस्ट नम्बर प्लेट अनिवार्यलाई खारेज, समग्र यातायातका समस्या समाधान र व्यवस्थापन गर्न उच्चस्तरीय आयोग गठन, प्रदेश सरकारले थप गरेको कर, जरिवाना छुट, साथै पञ्जीकरणको समय अवधि २०७८ साल पुस मसान्तसम्म म्याद थप, कम्पनी ऐन अन्तर्गत दर्ता यातायात कम्पनीहरुको यातायात निर्देशिका जारी र संघसंस्था ऐन २०३४ अन्तर्गत यातायातसँग सम्बन्धित संघ समिति दर्ता नवीकरण फुकुवा गर्नुपर्ने माग राखेको छ ।

## लामाबस्ती र युवा जागृती फाइनलमा

हेटौंडा/मकवानपुरको मनहरी गाउँपालिका वडा नम्बर ३ मा जारी फुटबल प्रतियोगिताको बुधबार दुई वटा खेल भएको छ । बुधबार भएको खेलबाट लामाबस्ती युवा क्लब र युवा जागृती फाइनलमा पुगेका छन् । लामाबस्तीले जनजागरण युवा क्लबलाई ४-२ गोल अन्तरले पराजित गर्दै फाइनलमा प्रवेश गरेको हो ।

बुधबारनै भएको दोस्रो खेलमा युवा जागृती क्लब विजयी भएको छ । जनसिद्ध युवा क्लबलाई २-० गोल अन्तरले पराजित गर्दै युवा जागृती फाइनलमा प्रवेश गरेको छ । बुधबार भएको पहिलो खेलको म्यान अफ द म्याच लामाबस्ती क्लबको जर्सी नं. ७ का रविन्द्र खड्का र दोस्रो खेलको म्यान अफ द म्याच जर्सीको नं. ८ का उत्तम श्रेष्ठ भएका छन् ।

जनआदर्श समाज युवा क्लबको आयोजनामा गत असोज १२ गतेदेखि मनहरीको हाँडिखोला स्थित सिद्धकालीमा भइरहेको उक्त प्रतियोगिताको आगामी असोज २२ गतेसम्म संचालन हुनेछ ।

## प्रहरीको काम प्रभावकारीः मुख्यमन्त्री शाक्य

साझाकुरा संवाददाता

हेटौंडा/बागममती प्रदेशका मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले प्रहरीले आफ्नो छविमा व्यापक सुधार गरेको बताए ।

प्रहरी दिवसका अवसरमा बुधबार बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले आयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री शाक्यले भौतिक तथा प्राविधिकरुपमा सम्पन्न नभए पनि प्रहरीले आफ्नो काम र सेवालाई प्रभावकारी बनाएको बताए ।



मुख्यमन्त्री शाक्यले प्रहरीको व्यावसायिकता वृद्धि गर्न प्रदेश सरकार पूर्णरुपमा तयार रहेको धारणा राखिन् । उनले प्रहरीभित्र भएका बेथितिलाई न्यूनीकरण गर्दै प्रहरी संगठन व्यावसायिक, मर्यादित तथा सबैको सहयोगी संगठनको रुपमा विकास हुनुपर्नेमा जोड दिए ।

आन्तरिक मामिला तथा कनूनमन्त्री डा अजयक्रान्ति शाक्यले प्रदेश सरकारले नेपाल प्रहरीका लागि ४० भन्दा बढी भवन निर्माण गरिसकेको तथा सवारीसाधन उपलब्ध गराएको र चालू आर्थिक वर्षका लागि रु ४५ करोड बजेट विनियोजन गरेको जानकारी दिए ।

प्रदेश सरकारले प्रहरी ऐन जारी गरिसकेको अवस्थामा प्रहरी समायोजनको काम अगाडि बढाइनुपर्ने उनको धारणा थियो । प्रदेश प्रहरी कार्यालय, हेटौंडाका प्रमुख प्रहरी नायब महानिरीक्षक प्रकाशजंग कार्कीले प्रहरीको काम र सेवाको प्रभावकारिताबारे बोलेका थिए ।

### गिरी नेपालकै उत्कृष्ट अनुसन्धानकर्ता

जिल्ला प्रहरी कार्यालय मकवानपुरको अपराध अनुसन्धान शाखामा कार्यरत प्रहरी नायब निरीक्षक(सई) विमल गिरी नेपालकै उत्कृष्ट अनुसन्धानकर्ताका रुपमा पुरस्कृत भएका छन् ।

लामो समयदेखि जिल्ला प्रहरी कार्यालय मकवानपुरमा अपराध अनुसन्धानमा कार्यरत गिरीले अनुसन्धान कार्यमा नेपाल प्रहरीको पेशागत मर्यादा कायम गर्दै सवुत संकलनमा कुशलता प्रदान गरि सुरक्षित समाज निर्माणमा उल्लेखनीय योगदान गर्दै सफल अनुसन्धान कार्यमा संलग्न रहेको भन्दै प्रहरी प्रधान कार्यालयले पुरस्कृत गरेको हो ।

उनलाई ६६ औं प्रहरी दिवसको अवसरमा बागमती प्रदेश प्रहरी कार्यालयमा आयोजित कार्यक्रम मार्फत पुरस्कृत गरिएको हो ।

गिरीलाई वाग्मती प्रदेश प्रमुख अष्टलक्ष्मी शाक्य र वाग्मती प्रदेश प्रहरी प्रमुख डिआइजी प्रकाश जंग कार्कीले प्रहरी प्रधान कार्यालयले प्रदान गरेको उत्कृष्ट अनुसन्धान-कर्ताको प्रमाण-पत्र प्रदान गरेका थिए । गिरी अब्बल अनुसन्धान-कर्ताका रुपमा चिनिन्छन् ।

## बागमती प्रदेशसभाको नवौं अधिवेशन आव्हान

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशसभाको नवौं अधिवेशन आव्हान गरिएको छ ।

बुधबार दिउँसो बसेको बागमती प्रदेश सरकारको मन्त्रिपरिषद्को बैठकले असोज २४ गते दिउँसो ३ बजेका लागि प्रदेशसभाको हिउँदे अधिवेशन आव्हान गर्ने निर्णय गरेको हो ।

बागमती प्रदेश सरकारकी मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यको अध्यक्षतामा बसेको बैठकले अधिवेशन आव्हानका लागि प्रदेश प्रमुख यादबचन्द्र शर्मालाई अनुरोध गर्ने निर्णय गरेको हो ।

'विश्वासको मत लिने वा सदनलाई कसरी अगाडि बढाउने अब सभामुखको हातमा हुन्छ ।', भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री चन्द्र लामाले मन्त्रिपरिषद्को बैठकमा बिश्वासको मत लिने विषयमा कुनैपनि छलफल नभएको बताए ।

शाक्य नेतृत्वको सरकार अल्पमतमा परेसँगै भदौ ११ गते शुक्रबार प्रदेशसभाको वर्षे अधिवेशन अन्त्य गरेकी थिइन् । प्रदेशमा एकल बहुमत रहेको नेकपा एमाले विभाजन भएर १३ सांसदले नेकपा (एकीकृत समाजवादी) रोजेसँगै अष्टलक्ष्मी नेतृत्वको सरकार पूर्ण रुपमा अल्पमत परिसकेको छ । सरकार अल्पमतमा परेसँगै मुख्यमन्त्री शाक्यले एक महिनाभित्र संसद्बाट विश्वासको मत लिनुपर्ने कानुनी बाध्यता रहेको छ ।

बागमती प्रदेशमा हाल १ सय ९ सांसद छन् । सभामुखसहित ५६ सांसद रहेको एमालेको तर्फबाट एकल बहुमतको सरकार बनाएकी मुख्यमन्त्री शाक्यसँग हाल ४३ सांसद मात्र छन् । सरकार टिकाउन ५५ सांसद चाहिन्छ । साना दलसँगको सहकार्यमा शाक्यको पद जोगिने सम्भावना छैन । प्रदेशसभामा माओवादी केन्द्रको २३, कांग्रेस २२ र नेकपा (एस) १३ गरी र स्वतन्त्र सांसद १ गरी विपक्षी गठबन्धनमा ५९ मत रहेको छ । सदनमा ३ मत रहेको विवेकशील साझा पार्टीले मुख्यमन्त्री शाक्यलाई विश्वासको मत नदिने घोषणा गरिसकेको छ ।





| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |

**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***


**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Nursing Officer | 1 | 18000-25000 | BN/BSc Nursing |
| 3 | Staff Nurse | Few | 14000-18000 | PCL Qualifications |
| 4 | CMA/ANM | Few | Upto 14000 | TSLC |
| 5 | Administration | 1 | 18000-250000 | BBS Completed |
| 6 | Receiptionist | Few | Negotiable | Literate |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.






साझाकुरा

## हाम्रो कुरा

# चाडपर्व र सडक दुर्घटना

आज (विहीबार)बाट दशैं सुरु भएको छ । दशैं नेपालीहरुको सबैभन्दा ठूलो चाड हो । चाडपर्वको समयमा मानिसको आवागमन बढी हुने गर्दछ । त्यसैकारण अघिपछिको तुलनामा चाडपर्वको बेलामा विभिन्न अपराध एवम् सवारी दुर्घटनाका घटनामा वृद्धि हुने गरेको विगतका तथ्याङ्कले पुष्टि गर्दछ । विगतका वर्षहरुमा जस्तै यसवर्ष पनि चाडपर्वको समयमा हुने दुर्घटना र आपराधिक घटना कम गर्न प्रहरीले विशेष सुरक्षा योजना र रणनीति बनाएको समाचारहरु सार्वजनिक भएका छन् । दशैं-तिहारजस्तो नेपालीहरुको विशेष चाडपर्वलाई दुर्घटनारहीत बनाउन प्रहरीले विगतका वर्षहरुमा पनि विशेष अभियान चलाएको थियो । यति हुँदा पनि दशैं-तिहारको आसपासमा सडक दुर्घटनाका कारण वर्षेनि ठूलो संख्यामा यात्रुको मृत्यु हुने घटनामा कमी आएको पाइँदैन ।

चाडपर्वलाई सुखद् र रमाइलो बनाउन सडक दुर्घटना नियन्त्रण गर्न विशेष पहल आवश्यक देखिन्छ । नेपालमा हरेक वर्ष झण्डै तीन हजार जनाको मृत्यु सडक दुर्घटनाबाटै हुने गरेको छ । विभिन्न प्राकृतिक प्रकोपबाट भन्दा सडक दुर्घटनाबाट हुने मानवीय क्षति अत्यधिक भएको भन्दै विश्व स्वास्थ्य संगठनले सरकारलाई सचेत बनाउँदै आएको पाइन्छ । तर, दुर्घटनाको संख्या र त्यसबाट हुने जनधनको क्षति बढ्दै जानुको कारक तत्व खोजी गरी दुर्घटना न्यूनीकरणका लागि प्रभावकारी र दिगो प्रयास हुन सकेको छैन । अधिकांश दुर्घटना चालकको कमजोरी र लापरबाहीका कारण हुने गरेको भए पनि सडकको अवस्था पनि दुर्घटनाको मुख्य कारण मान्न सकिन्छ । सवारी चाप अत्यधिक रहेको देशकै मुख्य राजमार्गको रुपमा चिनिने पूर्व-पश्चिम राजमार्गमा बनेका साना-ठूला खाल्डाहरु तथा उठेको र दबेको सडकको सतहले हाम्रा सडकको बास्तविकता उजागर गर्दछ । मुख्य राजमार्गहरुको यस्तो अवस्था हुँदा ग्रामीण सडकको अवस्था झन् कस्तो होला सहजै अनुमान गर्न सकिन्छ । चाडपर्व र सवारी चापलाई मध्यनजर गर्दै सडकको दुरावस्थाका कारण दुर्घटना बढ्नसक्ने विषयले चर्चा पाएपछि अहिले पूर्व-पश्चिम राजमार्गको खाल्डा टाल्ने काम भइरहेको छ । यसले सम्भावित दुर्घटना न्यूनीकरणमा केही हदसम्म भए पनि सहयोग गर्ने विश्वास गर्न सकिन्छ । चाडपर्वको बेलामा बढ्ने यात्रु चापका कारण सवारी साधन दिनरात चलाउँदा र तीव्र गतिमा कुदाउँदा दुर्घटनाको सम्भावना अझ बढ्ने गरेको पाइन्छ ।

चालकको लापरबाही, मादकपदार्थ सेवन, तीव्र गति रअनावश्यक प्रतिस्पर्धा गरी सवारी हाँक्ने प्रवृत्ति, सवारीसाधनको जीर्ण अवस्था, क्षमताभन्दा बढी यात्रु चढाउने प्रवृत्ति, अस्तव्यस्त एवम् गुणस्तरहीन सडक, आवश्यक स्थानमा ट्राफिक सिग्नलको अभाव तथा ट्राफिक नियम पालनामा लापरबाही नै सडक दुर्घटनाका मुख्य कारण रहँदै आएका छन् । चालकको लापरबाही र जनचेतनाको कमी दुर्घटनाको अहम् कारण मानिए पनि लापरबाही गर्नेलाई रोक्ने निकायको भरपर्दो उपस्थिति नहुनुले दुर्घटना बढाएको तथ्य नकार्न सकिँदैन । लामो रुटका बसमा एउटै चालकले दिनरात सवारी चलाउने, सिण्डिकेटको बलमा थोत्रा बस कुदाउने, क्षमताभन्दा बढी र छतमा यात्रु चढाउने, तीब्र गतिमा सवारी कुदाउने बेथितिलाई रोक्न सकेमा दुर्घटना न्यूनीकरणमा उल्लेख्य सफलता मिल्न सक्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मक्वानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ असोज २२ गते शुक्रबार ८ अक्टोबर २०२१ । असोज कृष्ण द्वितीया । ञलागा द्वितीया ११४१ । सूर्योदय ६:०० र सूर्यास्त ५:४२ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : प्रेममा सफलता | **तुला** | : शत्रुबाट मुक्त |
| **वृष** | : आफन्तजन भेट | **वृश्चिक** | : मिष्ठान्न भोजन |
| **मिथुन** | : भित्रजन भेट | **धनु** | : आलश्यता |
| **कर्कट** | : धन प्राप्ति | **मकर** | : सुख प्राप्ति |
| **सिंह** | : धन नष्ट | **कुम्भ** | : यात्राको योग |
| **कन्या** | : शुभ कार्यको थालनी | **मीन** | : अध्ययनमा बाधा |

# घटस्थापनादेखि दसैँका १५ दिन के-के गर्नुपर्छ ?



**वासुदेव शास्त्री**

घटस्थापनाको दिन शुद्ध माटो या गोबरले घर लिपी विधिसहित घटस्थापना गरी भगवती नवदुर्गाको स्थापना गर्नुपर्दछ । प्रथम दिनदेखि सप्तमीपर्यन्त एक चरणको पूजा गरी फूलपाती भिऱ्याउनुपर्छ । फूलपातीमा बेल, अदुवा, धानको बाला, अनारको कली, हलेदो र विभिन्न पालुवा आएका औषधीहरू घरमा प्रवेश गराउँदा वर्षभरि हुने दु:ख कष्ट निर्मूल हुन्छ । फूलपातीको बढाइँपछि महाअष्टमीको दिन कालरात्रीको पूजा गरी भगवतीको आह्वान् पूजन गर्दै शक्तिको उपासना गर्ने विधान शास्त्रले गरेको छ । नौ दिनसम्म भगवती दुर्गाको पूजाआराधना गरी दशौं दिन विजयादशमी पर्वको विजय साइतमा दुर्गा भवानीको प्रसाद टीका र जमरा लगाउनु पर्दछ ।

**टिका लगाउँदा भन्ने मन्त्र–**

*आयुर्द्रोणसुते श्रियं दशरथे शत्रुक्षयं राघवे ।*
*ऐश्वर्यं नहुषे गतिश्चपवने मानञ्च दुर्योधने ।।*
*दानंसूर्यसुते बलं हलधरे सत्यञ्च कुन्तीसुते ।*
*विज्ञानेविदुरेप्रभवतुभवतां कीर्तिश्चनारायणे ।।*
*जयन्ती मंगला काली भद्रकाली कपालिनी ।*
*दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोद्रस्तु ते ।।*

अर्थात् द्रोणपुत्र अस्वत्थामाको जस्तो पूर्ण आयु, दशरथ राजाको जस्तो श्रीसम्पत्ति, शत्रुक्षय गर्नमा भगवान् रामको जस्तो शक्ति, नहुष राजाको जस्तो ऐश्वर्य, पवनपुत्र हनुमान्को जस्तो गतिशीलता, दुर्योधनको जस्तो मान, सूर्यपुत्र कर्णको जस्तो दानवीरता, हलधर बलरामको जस्तो बल, कुन्तीपुत्र युधिष्ठिरको जस्तो सत्यवादिता, विदुरको जस्तो ज्ञान तथा भगवान् नारायणको जस्तो कीर्ति तपाइँलाई प्राप्त होस् । मान्यजनबाट टिकाप्रसाद र आशीर्वाद प्राप्त गरी यो मन्त्रको भावलाई स्मरण गर्दै आ-आफ्नो कार्यमा तत्पर रही शारदीय नवरात्र पर्वलाई धुमधामका साथ मनाउनु पर्दछ । भगवतीको स्तुति, मन्त्रगान आदि गरी वर्षभरि आउने अशुभ, अशान्ति, दुःखकष्ट निवारणका लागि आशीर्वाद लिनुपर्दछ । हिन्दूहरू 'वसुधैव कुटुम्बकम्' तथा 'द्यौ: शान्ति: ...' जस्ता वैदिक मन्त्रका अनुयायी र सनातनी भएकाले मनुष्य, वनस्पति, कीटपतङ्गादिलाई भगवतांश र प्राणीका रूपमा लिइएको प्रमाणित हुन्छ ।

दशैँमा आरोग्यताका लागि गहूँ र जौ मिसिएको जमरा शिरमा लगाउनु, बेलपत्रलाई मानवीय रूपमा भगवद्दर्शन गरी पूजा, आमन्त्रण, प्रवेश गराउनु, नवपत्रिकालाई बाजा-गाजासहित दशैं घरमा प्रवेश गराउनु, हविष्यान्न भोजन गर्नु, खिचडी, कुभिण्डो, नरिवल आदिको बली दिनुजस्ता कार्यले वैदिक सनातन धर्मावलम्बीहरूको विशिष्ट पर्वका रूपमा रहेको दशैंको महत्त्वलाई झनै साक्षात्कार गरेको छ । वैदिक कर्मकाण्डीय पद्धतिअनुसार बलीको विधानयोग्य सामग्रीको छनोटलाई विकृतिका रूपमा व्याख्या गरिएको देखिन्छ ।

**नवदुर्गा:**

*प्रथमं शैलपुत्री च द्वितीयं ब्रह्मचारिणी ।*
*तृतीयं चण्द्रघण्टेति कुष्माण्डेति चतुर्थकम् ।।*
*पञ्चमं स्कन्दमातेति षष्ठं कात्यायनीति च ।*
*सप्तमं कालरात्रीति महागौरीति चाष्टमम् ।।*
*नवमं सिद्धिदात्री च नवदुर्गा: प्रकीर्तिता: ।।*

आद्यशक्ति जगज्जननी दुर्गाले विभिन्न परिस्थितिमा अनेकौं रूपमा अवतरित भएर मानवजगत् र सन्त, साधकको कल्याण गर्नुभएको देवीभागवतबाट पुष्टि हुन्छ । एक संवत्सरभित्र चारवटा नवरात्रहरू पर्दछन् । नवरात्रमध्ये शारदीय नवरात्रमा दुर्गाभवानीको हर्षोल्लासका साथ पूजा हुन्छ । नवरात्रअन्तर्गत प्रतिपदाकै दिन दीप, कलश, गणेश र स्थापित देवीको पूजनपश्चात् मासभक्तबली (खिचडी) दिनुपर्दछ । अथवा, कुभिण्डाको बली पनि देवीलाई प्रिय हुन्छ । सोही दिन गहुँ र जौ मिसाएर 'ॐ जयन्ती मंगला काली...' मन्त्रले जमरा राख्ने गरिन्छ ।

यसै गरी द्वितीयाको दिन प्रतिपदाको दिन जसरी नै पूजा गरी कुमारीको पनि पूजा गर्नुपर्दछ । यही क्रमले षष्ठी तिथिसम्म पूजा गरी बेलुकीको समयमा गीत वाद्यादि गरेर बिल्ववृक्षमा देवीबोधन गर्नुपर्दछ, अर्थात् बिल्वनिमन्त्रण गर्नुपर्दछ । बेलको हाँगामा तेल र हर्दी लेपन गरेर मन्त्रसहित उद्बोधन गर्नुपर्दछ । सप्तमीका दिन पहिलेको जस्तै पूजापाठ, बलीआदि गरेर बेलुकीको समयमा बेलवृक्षको नजिक गएर पूजा गरी बेलपत्र ग्रहण गर्नुपर्दछ । गीतवाद्यादि गर्दै नवपत्रिकालाई दशैँघरमा प्रवेश गराउनुपर्दछ । यही दिन भद्रकाली, सरस्वतीको पूजा गर्ने विधान रहेको छ । अष्टमीका दिन बिहान नित्यपूजा गरी नौवर्षे कन्यालाई पूजा गर्नुपर्दछ । पूजा गरिएकी कन्यालाई नैवेद्यादि अर्पण गर्नुपर्दछ । राति कालरात्री देवीको विधिविधानअनुसार पूजा गरी भगवतीको वाहन सिंहको आह्वान, पूजन गर्नुपर्दछ । गणेश, भैरव, चतु:षष्ठीयोगिनीको पूजा गर्दै यसै दिन शस्त्रास्त्रहरूको पनि पूजा गर्ने गरिन्छ । रातिको समयमा अग्निस्थापना विधिले हवन गर्ने विधान रहेको छ । नवमीका दिन नवदुर्गाको शास्त्रीय विधिविधानअनुसार पूजा गरी १० वर्षीय कन्यालाई ल्याएर सुभद्रा नाम राखी पूजा गर्नुपर्दछ । नैवेद्यादि भेटी अर्पण गर्नुपर्दछ । यसै दिन नौ जना कन्याको पूजन गर्ने पद्धति पनि रहेको छ । यसै गरी मन्त्रसहित कुभिण्डाको बली अर्पण गर्नुपर्दछ । यही दिन अग्निस्थापना विधिले विशेष रूपमा भगवतीको नाममन्त्रले हवन गर्नुपर्दछ ।

दशमीका दिन उत्तराङ्गपूजन गरी अपराजिता देवीको पूजा गर्नुपर्दछ । आफ्ना इष्टदेवता, कुलदेवतालाई प्रसाद चढाएर आफ्ना मान्यजनहरूबाट विजयादशमीको टिका-प्रसाद ग्रहण गर्नुपर्दछ । नवरात्रका अवसरमा पूजन गरिने दुर्गादेवीका नौ रूपलाई यहाँ संक्षेपमा देखाइएको छ । दक्षप्रजापतिकी छोरी सतीदेवीको अर्को जन्म हिमालयका घरमा भएको हो । उनै हिमालयपुत्रीको नाम शैलपुत्री हो । पहिलो जन्ममा दक्षप्रजापतिका घरमा सतीदेवीका रूपमा जन्मिएकी आदिमाता दुर्गादेवीको भगवान् शिवका साथ विवाह भएको थियो । प्रजापति दक्षले एउटा विशाल यज्ञको आयोजना गरे ।

अन्य छोरीज्वाइँ आफन्त सबैलाई उक्त यज्ञमा आमन्त्रित गरियो । तर, सतीदेवी र भगवान् शङ्करलाई यज्ञको सुइँकोसमेत दिइएन । आफ्ना बहिनीसँगै ज्वाइँ तथा अन्य मान्यजन आकाशमार्गबाट आफ्ना पिताको निमन्त्रणा स्वीकार गरी गइरहेको थाहा पाएर सतीदेवीलाई पनि दक्षयज्ञमा जाने उत्कट इच्छा जाग्यो । उनले शिवजीलाई जाने इच्छा प्रकट गरिन् । तर, नबोलाएको ठाउँमा जानु अनुचित भएको शिवजीले बताउनुभयो । सतीदेवी भने मनमा अनेकौं तर्कना गर्न थालिन् । सतीदेवी दु:खित भएको थाहा पाएर शिवजीले 'जाने नै इच्छा भए म केही भन्दिनँ' भनेपछि सतीदेवी दक्षको यज्ञमण्डपमा पुगिन् । यज्ञमण्डपमा पुग्दा सबै दिदीबहिनीहरूले आफ्नो पति महादेवको तिरस्कार गरेको अनुभूति भयो । पिताबाट पनि सबैका सामु आफ्ना पति शिवजीको नराम्रो निन्दा भएको सुनेर योगबलले त्यही अग्निकुण्डमा आफ्नो पाञ्चभौतिक देह विसर्जन गरिन् ।

महादेवको स्पर्शको प्रभावले देह यथावत् रह्यो । अग्निकुण्डमा रहेकी सतीदेवीको देहलाई साथमा लिँदै महादेवजीले पृथ्वीको भ्रमण गर्दा सृष्टिक्रम भताभुङ्ग हुने देखेर ब्रह्माजीले औंसा र झिँगा सृष्टि गरी सतीदेवीका सम्पूर्ण अङ्गपतन गराउनुभयो । अङ्गपतन भएको प्रत्येक स्थानमा सिद्धपीठको स्थापना भएको हो । शारदीय नवरात्रमा यस्ता सिद्धपीठहरूमा आदिमाता सतीदेवीको भव्य पूजा हुनेगर्दछ । विधिपूर्वक घटस्थापना गरेर गहूँको जमरा राखी प्रारम्भ गरिएको दुर्गापूजनको प्रथम दिन शैलपुत्री नामक देवीको पूजन गरिन्छ । शैल अर्थात् हिमालयका घरमा जन्म लिएकी हुनाले यिनको नाम शैलपुत्री रहन गएको हो । गोरुमा चढेकी शैलपुत्री भगवतीको दाहिने हातमा त्रिशूल र बायाँ हातमा कमलको फूल रहेको छ । देदीप्यमान शैलपुत्रीको ध्यान यसरी गरिन्छ: वन्दे वाञ्छितलाभाय चन्द्रार्धकृतशेखराम् । वृषारूढां शूलधरां शैलपुत्रीं यशस्विनीम् ।। साधना गर्ने साधकका लागि मूलाधार चक्र रहने स्थानमा शैलपुत्री माताको ध्यान गरेर आफ्नो इष्टकामना पूरा हुने मान्यता रहेको छ । नवरात्रको प्रथम दिन पूजा गरिने शैलपुत्री देवीको विशिष्ट महत्त्व छ ।

नवरात्रको दोस्रो दिन भगवती दुर्गाजीको ब्रह्मचारिणी रूपको ध्यान र पूजा गर्ने गरिन्छ । सतीदेवीको देह त्यागपछि पार्वतीको जन्म हिमालयको घरमा हुन्छ । भगवान् शिवजीलाई पतिको रूपमा पाउन हिमालयपुत्री पार्वतीले कठोर तपस्या गर्नुहुन्छ । त्यस्तो तपस्याको आचरण गर्ने भएकी हुनाले शैलपुत्रीको अर्को नाम ब्रह्मचारिणी भएको हो । वन्देस्तुभ्यं तपोब्रह्म अर्थात् वन्दे अर्थ र तप भनेर ब्रह्म शब्दको अर्थ गरेको देखिन्छ । हिमालयका घरमा पुत्रीका रूपमा उत्पन्न भएकी शैलजा माताले नारदको उपदेशअनुसार भगवान् शंकरलाई पतिको रूपमा प्राप्त गर्न कठिन तपस्या गर्नुभयो । एकहजार वर्षसम्म फलफूल मात्र खाएर, सय वर्षसम्म साग मात्र खाएर, कैयौं दिनसम्म निराहार रहेर, झरी बादल, वर्षा, गर्मी केही नभनी खुला आकाशमुनि रहेर तीन हजार वर्षसम्म आफैं झरेका बेलपत्रको सेवन गरेर अत्यन्त कठिन तपस्या गर्नुभयो ।

भगवान् शंकरलाई पतिको रूपमा प्राप्त गर्नका लागि जब सुकेका बेलपत्रहरू पनि ग्रहण गर्न छाड्नुभयो, तब माताजीको नाम अपर्णा रहन गयो । उहाँको तपस्याको बलले तीनै लोकमा हाहाकार मच्चिन थाल्यो । देवता, ऋषि, सिद्ध, मुनिआदि सबैले कसैले गर्न नसकेको अभूतपूर्व कार्य गरेको भनेर माताजीको यशोगान गरे । यसरी कैयौं वर्षसम्म कठोरतम तपस्या गर्नाले दुब्लाएकी भगवतीको दु:खदायी अवस्था देखेर माता मेनुकाले अब तपस्या नगरोस् भन्ने हेतुले ध्यानभङ्ग गर्न 'उमा' त्यस्तो होइन अर्थात् अब तपस्या होइन भन्ने उच्चारण भएको हुनाले शैलजाको नाम उमा पनि भएको हो । मानिसहरू दुर्गादेवीको यो दोस्रो रूप ब्रह्मचारिणीको स्वाधिष्ठान चक्रमा ध्यान गर्दछन् । ब्रह्मचारिणी देवी सेतो वस्त्र लगाएकी, दाहिने हातमा जपमाला लिएकी र बायाँ हातमा कमण्डलु धारण गरेकी भगवतीको दिव्यस्वरूपको ध्यान गर्ने गरिन्छ । भगवतीको यो दोस्रो रूपमा ब्रह्मचारिणीको साधनाले साधकलाई सदाचार, तप, त्याग, वैराग्य, संयम र ऐश्वर्य प्राप्त हुन्छ । संघर्षमय जीवनमा ब्रह्मचारिणीको उपासना बढी श्रेयस्कर रहेको छ । साधकलाई यथाशीघ्र फलप्राप्ति यही रूपको ध्यान गर्नाले हुन्छ । ब्रह्मचारिणी देवीको यसरी ध्यान गर्न सकिन्छ:

*दधानाकरपद्माभ्यामक्षमालाकमण्डलू ।*
*देवी प्रसीदतु मयि ब्रह्मचारिण्यनुत्तमा ।।*

दुर्गादेवीको तेस्रो रूप चन्द्रघण्टा हो । दुर्गादेवीको स्वरूपका आधारमा चन्द्रघण्टा नामकरण गरेको पाइन्छ । शिरमा अर्धचन्द्रको धारण गर्ने र समग्र शिरको स्वरूप घण्टाजस्तो भएको हुनाले चन्द्रघण्टा भनिएको हो । चन्द्रघण्टा देवीको शरीरको रंग सुनको जस्तो पहेँलो देदीप्यमान छ । दशभुजा भएकी चन्द्रघण्टा देवीको वाहन सिंह हो । सदैव युद्धमुद्रामा देखिने चन्द्रघण्टा देवीले मानवमा रहेको अत्याचारी, दानवी र राक्षसी प्रवृत्तिलाई विनाश गर्नुहुन्छ । नवरात्रको तेस्रो दिन चन्द्रघण्टा देवीको विशेष पूजाआराधना हुनेगर्दछ ।

साधकले यो दिन मणिपुर चक्रको ध्यान गर्दा सावधान रहनुपर्दछ । किनभने अलौकिक र अप्राप्य, अदर्शनीय अवस्थाको विषयवस्तु लौकिक प्राप्य र दर्शनीय हुन्छ । अनेकौं मनमोहक साङ्गीतिक मधुरिम ध्वनि सुनिन्छ । साधक यस्ता विषयमा अनुरक्त भएनन् भने साधना सफल हुन्छ । त्यसपछि चन्द्रघण्टा देवीबाट कृपा प्राप्त भई समस्त पापबाट मुक्ति मिल्दछ । भगवतीले साधकहरूलाई दु:खकष्टबाट शीघ्र हटाएर निडर र निर्भय प्रदान गर्नुहुन्छ । सद्योमुक्तिका लागि पनि माता दुर्गाजीको यो रूपको उपासना गर्ने गरिन्छ । सदैव युद्धाभिलाषीजस्ती देखिए पनि माता दुर्गाको चन्द्रघण्टा रूपलाई भक्तजनले सामान्य शान्त, करुणामयी मातृरूपमा दर्शन गर्छन् । सङ्गीत क्षेत्रमा साधनारत व्यक्तिहरूका लागि अलौकिक स्वर, ज्ञान र सफलता प्राप्त गर्न यो रूपको ध्यान अति नै लाभदायी रहन्छ । माता चन्द्रघण्टाको स्वरूपको ध्यान र पूजा गर्नाले जीवन-मरणबाट मुक्त भई पुनर्जन्मको प्रपञ्चबाट सहज छुट्कारा मिल्दछ । ललाटमा अलौकिक चमक बढ्न थाल्दछ । मान सम्मान मिल्न थाल्दछ । देवी चन्द्रघण्टाको ध्यान यसरी गर्ने गरिन्छ :

*पिण्डजप्रवरारूढा चण्डकोपास्त्रकैर्युता ।*
*प्रसादं तनुते मह्यं चन्द्रघण्टेति विश्रुता ।।*

शारदीय नवरात्रभैँ वासन्तिक नवरात्रको चौथो दिन पनि कूष्माण्डा माताको पूजाआराधना गरिन्छ । जगज्जननी भगवतीले आफ्नो हाँसोद्वारा ब्रह्माण्डको उत्पत्ति गरेकी हुनाले दुर्गादेवीको नाम कूष्माण्डा रहन गएको हो । कूष्माण्डा भनेको कुभिण्डो हो । यसलाई पनि पूजन गरी बलीको रूपमा प्रयोग गर्ने गरिन्छ । जुन समयमा सृष्टि भएको थिएन । त्यस समयमा संसार अन्धकार मय थियो । यसै समयमा आदिशक्तिस्वरूपा दुर्गादेवीको हाँसोबाट संसारको रचना भयो । कूष्माण्डा माताको निवासस्थान सूर्यलोक हो । कूष्माण्डा देवीले आफ्नै तेजको अंशलाई सम्पूर्ण प्राणीमा प्रक्षेपण गरेर शक्तिको सञ्चार गर्नुभएको छ । आठवटा हात भएकी देवीको स्वरूप सूर्यभैँ चम्किलो छ । कूष्माण्डा देवीको हातमा चक्र, कलश, कमलको फूल, वाँण, धनुष, कमण्डलु र जपमाला छन् । आफू तेजवती भएकी हुनाले कुभिण्डो जस्तो चिसो फल कूष्माण्डादेवीलाई सबैभन्दा मनपर्ने फल (बली) हो ।

साधकहरूले यो नवरात्रको चौंथो दिनमा अनाहत चक्रमा कूष्माण्डा देवीको स्वरूपको ध्यान गर्दै मनलाई स्थिर गर्दछन् । आदिशक्तिस्वरूपा भवानी देवी थोरै समयको आराधनाबाट नै प्रसन्न हुनुहुन्छ । जुन शक्तिको आराधनाले दु:खकष्ट, रोग, ब्याधि हटेर आयु, सन्तान, यश, कीर्ति, बल प्राप्त हुन्छ । मन, वचन र कर्मले माताजीको शरणागत भए संसारमा अप्राप्य विषय केही रहँदैन । सबै सिद्धि र ऐश्वर्य प्राप्त हुन्छ । जीवन-मरणको चक्रबाट छुट्कारा गराउने भगवतीको पूजा अर्चनाले कसै गर्दा पनि निको नभएका रोगहरूबाट छुट्कारा मिल्छ । कूष्माण्डा देवीको वैदिक विधिविधानअनुसार मन स्थिर गरी ध्यान गर्दै पूजन गर्नुपर्दछ । कूष्माण्डा देवीको ध्यान यसरी गर्न सकिन्छ :

*सुरासम्पूर्णकलशं रुधिराप्लुतमेव च ।*
*दधानाहस्तपद्माभ्यां कूष्माण्डाशुभदास्तु मे ।।*

स्कन्द भनेको भगवान् कार्तिकेय हुनुहुन्छ । कार्तिकेय कुमारजीलाई भनिन्छ । स्कन्दकी मातृस्वरूपा देवीजीको पूजन नवरात्रको पाँचौं दिनमा गरिन्छ । माता दुर्गाजीको पाँचौं रूप कार्तिकेयकी माताको रूपमा भएको र कमलको आसनमा बस्न रुचाउने भएकी हुँदा यो स्वरूपलाई पद्मासना पनि भनिन्छ । स्कन्दमाताका चार हात छन् । उहाँले दायाँ र बायाँतिरका माथिल्ला दुई हातमा (भुजामा) कमलको फूल र काखमा षडानन कुमारको बालरूपलाई समाउनुभएको छ । बायाँ तर्फको तल्लो हातले वरमुद्रा धारण गर्नुभएको छ । स्कन्दमाताको वर्ण हिउँजस्तो सेतो छ । सिंहमा भ्रमण गर्न रुचाउने स्कन्दमाताजीको शास्त्रीय आधारमा नवरात्रमा पूजाआराधनाले सम्पूर्ण लौकिक, सांसारिक मायामोहबाट छुट्कारा मिल्दछ । साधकहरूले कुण्डलिनी जागरणको यो अवस्थामा पनि विशेष सावधान रहनुपर्दछ । मनलाई विशुद्ध चक्रमा स्थिर गराएर शुक्लवर्णा स्कन्दमाताको स्वरूपको ध्यान गर्नुपर्दछ । नौ दुर्गाहरु: शैलपुत्री, ब्रम्हचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी, सिद्धिदात्री । भगवती स्कन्दमाताको आराधनाले यस लोकमा सांसारिक भोगको प्राप्त गर्न सकिन्छ । मानवलाई चाहिने सम्पूर्ण सु:ख, सम्पन्नता, आर्थिक उन्नति प्राप्तिका लागि नवरात्रको पाँचौ दिन स्कन्दमाताको पूजा गरिन्छ । स्कन्दमाताको कृपाले यश, आराम, सुख, समृद्धि, कीर्तिआदि प्राप्त हुन्छ । भगवान् कार्तिकेयकी आमा भएकी हुनाले यिनलाई स्कन्दमाता भनिएको हो । जसले यिनको विधिवत पूजा गर्छ, भगवान् कार्तिकेयले उसको रक्षा गर्नुहुन्छ ।

माताजीको निरन्तर साधनारत व्यक्तिले मनलाई निर्मल स्वच्छ बनाउने हुनाले ललाटमा दिव्य तेज प्रस्फुटन हुन्छ । सांसारिक सुख-सुविधाको भोगपश्चात् सद्गतिको मार्गप्रशस्त हुन्छ । सूर्यमण्डलकी अधिष्ठातृ देवीको उपासनाले दिव्यदृष्टि प्राप्त गर्न सकिन्छ । भविष्यको परिघटनालाई मनन र चिन्तनको विषय बन्ने र सन्मार्गको पूर्वाभास हुनेगर्दछ । नवरात्रमा पाँचौं दिन आदिमाता दुर्गाजीको स्कन्दमाता रूपको ध्यान र अर्चना गर्नुपर्दछ । स्कन्दमाताजीको ध्यान यसरी गर्न सकिन्छ :

*सिंहासनगता नित्यं पद्माश्रितकरद्वया ।*
*शुभदास्तुसदा देवी स्कन्दमाता यशस्विनी ।।*

आद्यशक्ति भवानी श्रीदुर्गाजीको छैठौं स्वरूप कात्यायनी हो । नवरात्रको छैठौं दिन माता कात्यायनीको पूजा आराधना गर्ने गरिन्छ । प्रतिपदाका दिन स्थापना गरेको देवी मूर्ति, प्रतिमा वा कलशमा षोडशोपचारले माता कात्यायनीको पूजा गर्नुपर्दछ । दुर्गा माताको यो स्वरूप अवतरण हुनुका धेरै कथाहरू छन् । कत नाम गरेका एक विशिष्ट महर्षि थिए । उनका गोत्रमा कात्यायन नामक विश्वप्रसिद्ध महर्षि भए र माता दुर्गादेवीलाई आफ्नी छोरीका रूपमा प्राप्त गर्न कठोर तपस्या गरेर भगवतीलाई प्रसन्न गराए ।

कात्यायन ऋषिका आश्रममा माता दुर्गादेवीको अवतरण भयो । उहाँले आश्विन कृष्ण चतुर्दशीका दिन अवतरण भएर शारदीय शुक्लपक्षको सप्तमी, अष्टमी र नवमीमा कात्यायनको पूजा स्वीकार गरी विजयादशमीको दिन महिषासुर नाम गरेको राक्षसको बध गर्नुभयो । कृष्णचरित्रमा व्रजकी गोपिनीहरूले कृष्णलाई पतिका रूपमा प्राप्त गर्न सकूँ भनी कात्यायनीको उपासना र पूजा गरेका प्रसंगहरू वैदिक ग्रन्थहरूमा पाइन्छन् । अत: आफ्नो कूल, इच्छा र आफूयोग्य सज्जन पति पाऊँ भनी कात्यायनी स्वरूपा देवीको उपासना गर्नुपर्दछ ।

*कात्यायनि महामाये महायोगिन्यधीश्वरि ।*
*नन्दगोपसुतं देवि पतिं मे कुरुते नम: ।।*

गोपिनीहरूले कात्यायनीको आराधना गर्नाले श्रीकृष्णलाई पतिका रूपमा प्राप्त गर्न सकेको प्रसङ्ग श्रीमद्भागवतमा उल्लेख छ । यसैले आज पनि व्रजमा कात्यायनीलाई इष्टदेवीका रूपमा पूजा गरिन्छ । कात्यायनी देवीका चार हात छन् । दायाँतिरका दुई अभय र वरमुद्राले युक्त छन् भने वायाँतिरका दुई हात तरवार र कमलफूलले सहित छन् ।

वाहन सिंह भएकी कात्यायनी देवीको स्वरूप पहेँलो टल्किने सुनजस्तै छ । अत्यन्त देदीप्यमान भगवती कात्यायनीका साधकहरूले आज्ञाचक्रमा ध्यान गर्नुपर्दछ । कुण्डलिनी साधनामा लागेका साधकहरूले आफ्नो पुरुषार्थचतुष्टय (धर्म, अर्थ, काम र मोक्ष)को दाता, भोक्ता, भर्ता र हर्ता कात्यायनीलाई नै मान्दछन् भने त्यस्ता साधकहरूको रोग, शोक, भय, अहंकार विनाश हुन्छ र परमपद प्राप्त गर्दछन् । कात्यायनी रूपको ध्यान यसरी गर्न सकिन्छ :

*चन्द्रहासोज्वलकरा शार्दूलवरवाहना ।*
*कात्यायनी शुभं दद्याद्देवी दानवघातिनी ।।*

नवरात्रको सातौं दिनमा दुर्गामाताजीको कालरात्री स्वरूपको पूजा गरिन्छ । कालरात्रीको पूजा मध्यरात्रीमा पनि गर्ने गरिन्छ । सम्पूर्ण अशुभ, भय, अहंकार, अज्ञान आदिको काल अर्थात् विनाशिनीका रूपमा अवतरण भएकी हुनाले दुर्गादेवीको यो स्वरूपलाई कालरात्री भनिएको हो । कालरात्री शब्दको अर्थ ध्वन्यात्मक छ । रात्री भनेको अज्ञान, अन्धकार, भय, डर, त्रास भन्ने अर्थमा र काल विनाशिनी अर्थात् शुभकरी भन्ने भावमा कालरात्री नामकरण भएको देखिन्छ । चार हात भएकी कालरात्री स्वरूपमा दुर्गामाताको यो स्वरूप अन्य स्वरूपहरू भन्दा डरलाग्दो भयंकर छ । माताजीको शारीरिक रंग अत्यन्त कालो छ । कपाल गज्यागुजुङ् भएकी चतुर्भुजा कालरात्री देवीको दायाँतर्फका दुई हात वरमुद्रा र अभयमुद्रामा छन् भने वायाँतर्फका दुई हातमा खड्ग र फलामको काँडा छ ।

त्रिनेत्रवाली माता दुर्गादेवीको सातौं स्वरूप कालरात्रीको वाहन गधा हो । गलामा बिजुलीको चमकजस्तो माला लगाएकी देवीको आवरण अत्यन्त सुन्दर छ । हेर्दा डरलाग्दो स्वरूप भए पनि माता दुर्गाको यो स्वरूप पूजा र आराधना गर्नका लागि उपयुक्त छ । कुण्डलिनी साधनामा लागेका साधकहरूको मन सहस्रसार (सहस्रदल) चक्रमा स्थित हुनुपर्दछ । कालरात्री माताको पूजा गर्ने भक्त वा साधकको सम्पूर्ण दु:ख, कष्ट नाश हुन्छन् र अष्टसिद्धि प्राप्त हुन्छ । कुनै चीजबाट डर रहँदैन । यो जन्म र परजन्ममा पनि कुनै प्रकारको आपत-विपतको सामना गर्नुपर्दैन ।

- बाँकी ३ पेजमा...

# चाडपर्व नजिकिँदै गर्दा प्रहरीले बढायो सुरक्षा सतर्कता




बनेपा (रासस): दसैंतिहार नजिकिँदै गर्दा प्रहरीले सुरक्षा व्यवस्थालाई थप सबल, सदृढ र प्रभावकारी बनाएको छ ।

प्रहरीले चाडपर्वको समयमा हुनसक्ने अपराध, अवैध चोरी-निकासी, लागूऔषध ओसार पसार तथा बिक्री-वितरण एवं दुरुपयोग हुन सक्ने भएकाले त्यस्ता गतिविधिलाई निस्तेज गरी शान्तिसुरक्षाको प्रत्याभूति दिलाउन आजदेखि जिल्लाको विभिन्न स्थानमा सुरक्षा गतिविधि थप बढाएको हो ।

जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका प्रहरी नायब उपरीक्षक हरि खतिवडाका अनुसार जिल्लाका मुख्य राजमार्ग अरनिको र बिपी राजमार्ग चल्ने सार्वजनिक तथा निजी सवारी साधनहरू र मानिसको बढी भीडभाड हुने संवेदनशील मानिएका स्थानहरू बनेपा र धुलिखेल नगर क्षेत्रभित्रका विभिन्न स्थानमा शान्तिसुरक्षाका कार्यलाई अगाडि बढाएको बताए ।

सो क्रममा प्रहरीले जिल्लास्थित सरकारी कार्यालयहरू, बैंक तथा वित्तीय संस्थालगायत आर्थिक गतिविधि हुने स्थानहरू, मानिसको बढी भीडभाड हुने तरकारी, फलफूल बजार, डिपार्टमेन्टल स्टोर, होटल लज, प्रमुख व्यापारिक केन्द्र, प्रमुख धार्मिक तथा पर्यटकीयस्थल, जिल्लाको महत्वपूर्ण प्रतिष्ठान र लोकमार्ग भएर चल्ने सवारी साधनहरूमा लागूऔषध र विस्फोटक पदार्थ (पटका) ओसार पसार हुन सक्ने सम्भावनालाई दृष्टिगत गर्दै तालिम प्राप्त कुकुर सहितको प्राविधिक प्रहरी टोलीद्वारा जाँच गरिएको प्रहरी नायब उपरीक्षक खतिवडाले बताए ।

सो क्रममा विस्फोटक पदार्थ तथा कुनै पनि शंकास्पद गतिविधि फेला नपरेको र समग्र जिल्लाको शान्तिसुरक्षाको अवस्था सामान्य रहेको उनले बताए ।

सुरक्षा योजनाअन्तर्गत विभिन्न चरणमा भिन्नभिन्न खालका सुरक्षा जाँचसम्बन्धी कामलाई निरुन्तरता दिइने उनले बताए । चाडपर्वको बेला सबैलाई बिदा हुने र सरकारी कार्यालयहरू बन्द हुने र मान्छेको आवतजावत पनि कम हुने भएकाले अपराधका काम बढ्ने सक्ने अवस्थालाई ध्यानमा राखेर सुरक्षा सतर्कता बढाएको उनको भनाइ छ ।

यसैबीच प्रहरी दिवसका अवसर पारेर जिल्लास्थित सुरक्षा निकायबीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता सम्पन्न गरेको छ । ६६ औं प्रहरी दिवस-२०७८ का अवसरमा धुलिखेल नगरपालिका-७ स्थित धुलिखेल रंगशालामा बुधबार सम्पन्न भएको प्रतियोगिता अन्तर्गत पहिलो चरणमा जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक र नेपाली सेनाको कालीजङ्ग गण धुलिखेलबीचको प्रतियोगिता भएको थियो । प्रतियोगितामा कालीजङ्ग गण धुलिखेलले ४-१ को अन्तरमा विजय भएको छ । त्यस्तै दोस्रो चरणमा भएको जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक र सशस्त्र प्रहरी बल नं १५ गण हेडक्वार्टर पाँचखालबीच भएको प्रतियोगितामा जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक ५-२ को अन्तरले विजय भएको छ । काभ्रेपलाञ्चोकका प्रजिअ शिवराम पोखरेलको प्रमुख आतिथ्यतामा सम्पन्न खेलमा नेपाली सेनाका कालीजङ्ग गण धुलिखेलका प्रमुख सेनानी मिलन थापा, जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका प्रमुख प्रहरी उपरीक्षक भूपेन्द्रबहादुर खत्री, नं १५ गण हेडक्वार्टर पाँचखालका सशस्त्र प्रहरी उपरीक्षक महेश केसी, राष्ट्रिय अनुसन्धान विभाग धुलिखेलका प्रमुख अनुसन्धान अधिकृत अरुण कार्की लगायतको उपस्थिति थियो ।

# चाडपर्वलाई लक्षित गरी अनुगमनलाई तीव्रता




वीरगञ्ज (रासस)/ आउँदै गरेका बडादसैं, तिहार छठलगायत चाडपर्वलाई लक्षित गरी वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागअन्तर्गतका कार्यालयले पसल अनुगमनलाई तीव्रता दिएको छ ।

विभागअन्तर्गत वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्जले आवश्यकताका आधारमा कार्य क्षेत्रभित्र पर्ने विभिन्न जिल्लाका विभिन्न खाद्यन्न पसलमा अनुगमनलाई तीव्रता दिएको जनाएको छ ।

प्रदेश नं २ का आठ जिल्लासहित मकवानपुर र चितवन सो कार्यालयको कार्यक्षेत्र रहेको बताइएको छ । पछिल्लो पटक चाडबाड लक्षित गरी पर्सा, बारा र चितवन जिल्लामा अनुगमनलाई थप तीव्रता दिएको कार्यालयका प्रमुख जीतबहादुर भण्डारीले जानकारी दिए ।

अनुगमनका क्रममा अधिकांश पसलेले खरिदबिक्री देखाउन नसक्ने, अन्य कागजपत्र देखाउन नसक्ने, मूल्यसूची सार्वजनीक नगरी बढी मूल्यमा सामग्री बिक्री गर्ने र म्याद गिज्रिएको सामग्री बिक्री गर्ने गरेको पाइएको छ ।

उक्त पसलेलाई नियमानुसार कारवाही गरिँदै आएको कार्यालयले जनाएको छ । चाडबाडको बेला वीरगञ्ज बजारमा म्याद गुज्रिएका सामग्री नयाँ स्टिकर लगाएर बिक्री गर्ने गरेको पाइएको बताइएको छ । कोरोना महामारीका कारण लामो समयसम्म ब्यापार नभएका व्यापारी चाडबाडको मौकामा म्याद गुज्रिएका खाद्यान्न सामग्री बिक्री गर्ने गरेको र त्यस्ता पसललाई आवश्यक कानुनी कारवाही गर्दै आएको कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार अनुगमनका क्रममा खाद्यान्न पसलमा म्याद नाघेका बिस्कुट, चकलेट, बनभिटा, चिउरा, भुजियालगायतका खाद्य वस्तु र पेयपदार्थमा रिएलजुस कोकोकोला फ्यान्टा, बोटलको पानीलगायतका म्याद नाघेका सामग्री फेला परेको थियो । उपभोक्ता संरक्षण ऐन २०७५ बमोजिम खाद्य सामग्रीमा उत्पादन मिति नराखेको, लेबलिङ नगरेको, म्याद नाघेको खाद्य वस्तु बिक्री गर्ने, बिल बिजक नराखेको, व्यापारिक फर्म दर्ता नगरी व्यापार व्यवसाय गरेको पाइएमा तत्काल पाँच हजारदेखि तीन लाख जरिवाना गर्नसक्ने व्यवस्था छ भने तीन महिनादेखि एक वर्षसम्म कैद जरिवाना हुने व्यवस्था छ ।

# घटस्थापनादेखि दसैंका...

शास्त्रीय विधानअनुसार नियम पालना गरी पवित्र भएर एकचित्तले कालरात्रीको भजन गर्ने व्यक्ति कहिल्यै पनि दु:ख र दरिद्रतामा पर्दैन । कालरात्रीको ध्यान यसरी गर्न सकिन्छ:

*एकवेणी जपाकर्णपूरा नग्ना खरास्थिता ।*
*लम्बोष्ठिकर्णिकाकर्णीतैलाभ्यक्तशरीरिणी ।।*
*वामपादोल्लसल्लोह लताकण्टकभूषणा ।*
*वर्धनमूर्धध्वजा कृष्णा कालरात्रीर्भयङ्करी ।।*

नवरात्रको आठौं दिनमा दुर्गा भवानीको महागौरी स्वरूपको पूजाआराधना गरिन्छ । चार हात भएकी सेतो वस्त्र लगाएर वृषभमा चढेकी देवीजीको नवरात्रको अष्टमीका दिन विधिविधानअनुसार ध्यान, पूजन र साधना गर्ने गरिन्छ ।

माता दुर्गाको यो आठौं रूप हो । माता पार्वतीले यही स्वरूपमा भगवान् महादेवलाई पतिको रूपमा पाऊँ भनी तपस्या गर्नुभएको थियो । माताजीको यो स्वरूप अत्यन्त शान्त छ । चार हात मध्ये दायाँतिरका दुई हात अभयमुद्रा र त्रिशूल लिएकी तथा वायाँतर्फका दुई हातमा क्रमश: डमरु र वरमुद्रा धारण गरेकी महागौरी मातालाई सतत नमन छ । कठिनतम तपस्या गर्नाले हड्डीमा छाला टाँसिनाले कालो भएको वर्ण र हेर्दा कुरूपजस्ती तर ललाटमा दिव्य तेजवती महागौरीलाई भगवान् शिवजीले जब आफ्नै स्पर्शले घोटी-घोटी गङ्गाजलले धोइदिनुभयो, त्यसपछि शिवजीको स्पर्शको प्रभावले अत्यन्त गौरवर्णा हुनुभयो । गौरवर्ण भएकी माता दुर्गाको महागौरी नाम विख्यात हुनगयो । महागौरीको उपासना गर्नाले विशिष्ट अपरिवर्तनीय जीवनोपयोगी प्रभाव पर्दछ ।

जस्तै पाप गरेको व्यक्तिले पनि महागौरीको विधिविधानपूर्वक आराधना उपासना गर्दछ भने उसका पाप नष्ट भएर जान्छन् । पूर्वजन्मको सम्पूर्ण पाप पनि विनष्ट हुन्छ । जीवनमा आइपर्ने अनेकौं धर्म, अर्थ, काम, मोक्षसम्बन्धी सबै अवरोध हटेर जान्छन् ।

सबै प्रकारका सफलता मानिसले पाउँछ । महागौरीको उपासना-आराधनाले सबै प्रकारका अष्टसिद्धि प्राप्त हुन्छन् । तन, मन, वचन र धनले एकचित्त भई नित्य शारदीय नवरात्रको अष्टमीमा पूजा गर्ने व्यक्तिको सफलताको कुनै सीमा नै हुँदैन । उपासनाकर्ताले आफूलाई सम्पूर्ण रूपमा महागौरीका चरणकमलमा समर्पण गर्नुपर्दछ । महागौरीको उपासनाले असत् अन्याय अत्याचारको मार्गबाट निवृत्त भई सत्, न्याय, सदाचारको मार्गमा लाग्न प्रेरित गर्दछ । महागौरीको ध्यान यसरी गरिन्छ :

*श्वेते वृषे समारूढा श्वेताम्बरधरा शुचि: ।*
*महागौरी शुभं दद्यान्महाकाव्यप्रमोददा ।।*

नवरात्रको नवौं दिन अर्थात् महानवमीमा भगानी दुर्गाको सिद्धिदात्री स्वरूपको आराधना गरिन्छ । महानवमीका दिनमा घटस्थापनादेखि दैनिक रूपमा गरिने सप्तशती वा देवीभागवतको पाठ पूर्ण हुन्छ । यसै दिन हवन पनि गरिन्छ । सिद्धिदात्री देवीका चार हात र सिंह वाहनले सबैलाई अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्राकाम्य, ईशित्व र वशित्व गरी आठ सिद्धि प्रदान गर्दछिन् ।

सिद्धिदात्री देवीले चार हातमध्ये दायाँतर्फका दुई हातमा गदा र चक्र तथा वायाँतर्फका दुई हातमा शङ्ख र कमलपुष्प धारण गरी कमलपुष्पमा विराजमान हुनुभएको छ । सृष्टिक्रममा भगवान् शिवजीले पनि आफ्ना आराध्यदेवीका रूपमा सिद्धिदात्री देवी योगमायाको अनुकम्पाले ब्रह्मा, विष्णु र महेशको रूप धारण गरी जगत्को सृष्टि, पालन र लय गर्नुहुन्छ । सिद्धिदात्री माताजीको अनुकम्पाले भगवान् शिवले आफ्नो स्वरूप नै अर्धनारीश्वर बनाउनुभयो ।

सिद्धिदात्रीको अनुकम्पा प्राप्त भए जगत्मा कुनै पनि चीज अप्राप्य र दुर्लभ हुँदैन । सबै प्रकारका यश, कीर्ति, सुख, सुविधा प्राप्त भई जन्मान्तरमा दिव्यलोक प्राप्त हुन्छ । मर्त्यलोकमा रहेर अन्य द्युलोकको यात्रा गर्नसक्छ ।

आफ्नो मानसिक इच्छानुसार संसारमा भ्रमण गर्नसक्दछ । ब्रह्माण्डमा पूर्णरूपले विजय प्राप्त गर्दछ । माता सिद्धिदात्रीको ध्यान यसरी गरिन्छ :

*सिद्धगन्धर्व यक्षाद्यैरसुरैरमरैरपि ।*
*सेव्यमानासदाभूयात् सिद्धिदासिद्धिदायिनी ।।*

कोजाग्रत पूर्णिमाको सायंकालमा दियो, कलश र गणेशको पूजा गरी ऐरावत हात्तीमा सवार भएका इन्द्र र महालक्ष्मीको पूजन गर्नुपर्दछ । यही दिन जागरण बसेर महालक्ष्मीलाई खुशी पार्ने प्रयत्न गर्नुपर्दछ ।

*- साभार: देशसञ्चार*

# दसैंमा एयरलाइन्सका उपहार योजना : ७० प्रतिशतभन्दा बढी बुकिङ




काठमाडौं (रासस)/ दसैं हवाई सेवा प्रदायक कम्पनीका लागि मात्र होइन सबै क्षेत्रको व्यापार व्यवसायका लागि उत्साहजनक हुन्छ । त्यसमध्ये सबैभन्दा बढी आकर्षक व्यवसाय हवाई कम्पनीकै हुन्छ । किनकि केही महंगो भए पनि हवाईजहाज चढेर गन्तव्यतर्फ जानुको मज्जा नै बेग्लै हुन्छ । त्यसै पनि उत्साहजनक व्यापार हुने हवाई क्षेत्रका लागि दसैं निकै महत्वपूर्ण अवसर हो ।

कोभिड-१९ महामारीले नराम्ररी थलिएको मुलुकको पर्यटन क्षेत्र र त्यसमा पनि बढी प्रभावित बनेको हवाई क्षेत्र बिस्तारै लयमा फर्किँदैछ । नजिकै आउँदै गरेका दसैं, तिहार, छठलगायत पर्व तथा पद यात्रा र पर्वतारोहणको याम भएकाले पनि अहिले आन्तरिक तथा विदेशी पर्यटकको चहलपहल बाक्लिएको छ ।

यसै सन्दर्भमा दसैं तिहारलाई लक्षित गरेर हवाई कम्पनीले विभिन्न अफर, छुटको प्याकेज सार्वजनिक गरिरहेका छन् । दसैंमा त्यसै पनि भरिभराउ हुने हवाई उडान यात्रुको मागका आधारमा उडान संख्या थपेर भए पनि सेवा सञ्चालनमा तम्तयार छन्, वायुसेवा कम्पनीहरू पनि ।

ठूला एयरलाइन्सको दसैंका लागि ७० प्रतिशतभन्दा बढी बुकिङ भइसकेको छ । दसैंका लागि केही उडान सङ्ख्या थपिने बुद्ध, यती र सौर्य एयरलाइन्सले जनाएका छन् । शरद ऋतुको सफा मौसममा हिमाल डाँडापखेराको दृश्यावलोकन गर्दै सहज र सुलभ यात्राका लागि यात्रुहरू पनि निकै इच्छुक छन् ।

सडक मार्गको अवस्था राम्रो नभएको र गन्तव्यमा पुग्न निकै झन्झट बेहोर्नु पर्ने बाध्यताले यात्रुले थोरै रकम महंगो भए पनि हवाई यात्रा नै रोज्छन् । आन्तरिक उडानका ठूला वायुसेवा प्रदायक बुद्ध एयर, यती एयरलाइन्स, सौर्य एयर, गुण एयरलाइन्स लगायतले दसैं बिजनेसका लागि साबिकको उडान संख्या बढाएर यात्रुको मागअनुरुप सेवासुविधा विस्तारमा जुटेका हुन् । ठूला एयरलाइन्सले विभिन्न अफरहरू पनि सार्वजनिक गरेका छन् ।

**यतीको स्कुटरदेखि हिरा जित्ने मौका**

यती एयरलाइन्सले दसैं, तिहार र छठ पर्वलाई लक्षित गरेर आफ्ना यात्रुहरूका लागि विभिन्न उपहार योजना सार्वजनिक गरेको छ । एयरलाइन्सले दसैंतिहार योजनाअन्तर्गत यात्रुहरूले स्कुटरदेखि हिरासम्मका उपहार प्राप्त गर्न सक्ने जनाएको छ । उक्त अभियानमा प्रथम विजेतालाई यामाहाको फसिनो १२५ एफ आई स्कुटर, दोस्रो विजेता एक जोडीका लागि दुबई जानेआउने हवाई टिकट र तेस्रो हुनेलाई हिराको टप प्रदान गरिने एयरलाइन्सले बताएको छ । यो योजना असोज २१ देखि कात्तिक २४ गतेसम्म यती एयरलाइन्समार्फत उडान गर्ने सम्पूर्ण यात्रुमा लागू हुनेछ ।

अग्रिम टिकट बुकिङ गरी यसै समयावधिमा उडान गर्ने सम्पूर्ण यात्रुहरूलाई पनि यो योजना लागू हुने कम्पनीले जनाएको छ । चौतीस दिनसम्म चल्ने यस दसैंतिहार योजनाअन्तर्गत प्रथम पुरस्कारको प्रायोजन यामाहाको आधिकारिक बिक्रेता एमएडब्लु इन्टरप्राइजेज, दोस्रो पुरस्कार सस्तो टिकट अनलाइन ट्राभल एजेन्सी र तेस्रो पुरस्कार श्री बालाजी डाइमन्डले प्रायोजन गरेको हो । हर्षोल्लासका साथ मनाइने नेपालीको महान् चाडहरूमा यती एयरलाइन्समार्फत यात्रा गर्ने सम्पूर्ण यात्रुलाई लक्षित गरेर यो योजना सञ्चालन गरिएको र यात्रुहरूले पनि आरामदायी र सुरक्षित यात्रासँगै उपहार प्राप्त गरी खुसी साटासाट गर्न सकून् भन्ने उद्देश्य रहेको एयर लाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले जानकारी दिए ।

**अफर कसरी प्राप्त गर्ने ?**

यतीको दसैं अफरमा सहभागी हुनका लागि एयरलाइन्सका यात्रुहरूले यात्रा अघि विमानस्थलमा सुरक्षा जाँच गरी भित्र छिर्ने क्रममा बोर्डिङ पाससँगै प्राप्त गर्ने 'लक्की ड्रू' कुपन भरेर ड्रूप बक्समा खसाल्नु पर्नेछ । एकतर्फी यात्रा गर्दा एउटा मात्र कुपन पाइनेछ भने सोही अवधिका लागि एकैपटक दुईतर्फी टिकट काटेर यात्रा गर्दा एकतर्फीमै दुईवटा कुपन पाइने बताइएको छ । अर्थात् एकैपटक दुईतर्फी टिकट लिएर यात्रा गर्दा एकैजनाले चार वटा 'लक्की ड्रू' कुपन पाउनेछन् ।

"यती एयरलाइन्सको जहाजबाट जति धेरै यात्रा गर्नुहुन्छ, त्यति नै धेरै उपहार जित्ने सम्भावना रहनेछ," प्रवक्ता बर्तौलाले बताए । असोज २१ देखि कात्तिक २४ गतेसम्म भरिएका कुपनहरूलाई संकलन गरी गोलाप्रथामार्फत प्रथम, द्वितीय र तृतीय विजेता छुट्याइने र यसको जानकारी आफ्ना सोसल मिडियामार्फत सार्वजनिक गरिने यती एयरलाइन्सले जनाएको छ । हाल यतीले पाँचवटा एटिआर-७२ विमानमार्फत विभिन्न आठवटा गन्तव्यमा उडान भर्दै आएको छ ।

**बुद्धको विशेष अफर**

आन्तरिक उडानको अग्रणी वायुसेवा प्रदायक बुद्ध एयरले पनि आफ्ना ग्राहकका लागि विशेष आकर्षक अफर ल्याएको छ । कम्पनीले आफ्नो २४औं वार्षिकोत्सवको अवसर पनि भएकाले दसैंतिहारका लागि अफर नभनी विशेष अफर सार्वजनिक गरेको हो ।

बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णका अनुसार कम्पनीको यही असोज २५ गते पर्ने वार्षिकोत्सवलाई लक्षित गरेर यात्रुका लागि अफर बनाएको छ । मोबाइल एपबाट टिकट खरिद गर्दा 'लक्की ड्रू' मार्फत नि:शुल्क टिकट उपलब्ध गराइरहेको छ । हरेक गन्तव्यबाट काठमाडौं फर्कंदा रिटर्न टिकट नि:शुल्क दिइनेछ । अफर योजनाअन्तर्गत हरेक दिन दुईजनालाई नि:शुल्क टिकट दिइनेछ । यो योजना अगष्ट १ देखि ११ तारिखसम्म कायम गरिएको कम्पनीले जनाएको छ । बुद्ध एयरले अहिले दैनिक १४० भन्दा बढी उडानमार्फत करिब आठ हजार यात्रुलाई सेवा दिइरहेको छ । कम्पनीको दसैंको बुकिङ ७० प्रतिशतभन्दा बढी छ । दसैंमा यात्रुको मागबमोजिम उडान थप गर्नका लागि नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणलाई आग्रह गरिने कम्पनीको भनाइ छ ।

**बुद्ध एयरले थप नयाँ एटिआर जहाज भित्र्याउँदै**

आन्तरिक उडानको सबैभन्दा बढी जहाज र उडान हिस्सा ओगट्ने अग्रणी वायुसेवा प्रदायक बुद्ध एयरसँग अहिले १३ थान एटिआरसहित १५ थान जहाज छन् । कम्पनीको १६ औं जहाज आगामी डिसेम्बर महिनाभित्रै नेपाल भित्रिने जनाएको छ । बुद्धले १४ औं एटिआर जहाज भित्र्याउन लागेको हो । एटिआर-७२ जहाज भित्रिएपछि प्रमुख गन्तव्यको उडानमा सहजता हुने कम्पनीले विश्वास लिएको छ ।

यता श्री एयरलाइन्सले पनि आफ्ना छ जहाजमार्फत उडान सञ्चालन गरिरहेको छ । दसैंमा यात्रुको मागअनुरुप उडान संख्या बढ्नसक्ने कम्पनीले जनाएको छ । गुण एयरलाइन्सले पाँचवटा जहाजमार्फत सेवा सञ्चालन गरिरहेको छ । पर्यटकीय याम पनि भएकाले हेलिकप्टरको उडानमा पनि चाप बढेको छ ।

**दसैंमा कुन एयरलाइन्सका कति उडान ?**

सामान्य अवस्थाभन्दा दसैंमा एयरलाइन्सको उडान चाप हुन्छ । यात्रुको संख्या अत्यधिक भएपछि कम्पनीले उडान संख्या थपेर भए पनि सेवा दिन्छन् ।

यो पटकको दसैंमा पनि हवाई यात्रुको अत्यधिक चाप हुने एयरलाइन्सको भनाइ छ । अहिले आन्तरिक उडान व्यवस्थापन गर्न पनि विमानस्थललाई हम्मेहम्मे परेको छ । एक घण्टाको अन्तरालमा १५ भन्दा बढी उडान व्यवस्थापन गर्नु परिरहेको छ ।

एयरलाइन्सका अनुसार हवाई उडान संख्या बढेसँगै विमानस्थलको आन्तरिक उडानमा समस्या आएको छ । क्षेत्रीय हब विमानस्थलमा स्लट व्यवस्थापन नहुँदासम्म यो समस्या कम नहुने एक एयरलाइन्सका अधिकारीको बुझाइ छ । अहिले बुद्धको १४०, यतीको करिब ५०, श्री एयरलाइन्सको १६ र सौर्यको आठ तथा गुणलगायत एयरलाइन्सको उडान संख्या पनि बढेको छ ।

**विमानस्थलमा एयर ट्राफिक जाम**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक उडानमा चाप बढेकाले एयर ट्राफिक व्यवस्थापनमा पनि चुनौती थपिएको छ । एयर ट्राफिक जामले यात्रुको गुनासो बढेको छ । जहाज लामो समयसम्म होल्ड हुनुपर्ने अवस्था छ । बीस मिनेटदेखि डेढ घण्टासम्म जहाज होल्ड हुने गरेको बताइएको छ । क्षेत्रीय विमानस्थल बेस भएर उडान गर्ने भनिए पनि अहिले सबै वायुसेवा प्रदायकले काठमाडौं विमानस्थलबाटै पहिलो उडान गर्ने भएकाले विमानस्थलमा ट्राफिक जाम हुने गरेको छ ।

विमानस्थलले भने उडान चापलाई दृष्टिगत गरी आवश्यक व्यवस्थापनमा जुटेको जनाएको छ । विमानस्थलका प्रवक्ता रिन्जी शेर्पाका अनुसार सामान्य अवस्थामा भन्दा दसैं, तिहारलगायत चाडपर्वका बेला जहाजको उडान संख्या स्वाभाविक रूपमा बढ्छ । यस पटक वायुसेवा प्रदायकको जहाज संख्या पनि बढेको र सेडुल उडान पनि बढी भएकाले त्यति धेरै समस्या नहुने अनुमान गरिएको छ ।

"सामान्य अवस्थाभन्दा अक्टोबर महिनाभर उडान संख्या बढ्छ । उडान संख्या बढ्नसक्ने अवस्थाको आंकलन गरी पूर्वाधारको तयारीमा जुटेका छौं, त्यो भनेको स्लट व्यवस्थापन मिलाउने र भरसक बिहान र दिउँसो मात्रै चाप हैन साँझको उडानलाई प्राथमिकता दिनेगरी व्यवस्थापन गरिरहेका छौं," प्रवक्ता शेर्पाले भने ।

**राति ९ बजेसम्म उडान**

काठमाडौं विमानस्थल बिहान ६ देखि साँझ ७ बजेसम्म सञ्चालन हुन्छ । काठमाडौंबाट छुटेका जहाज गन्तव्य पुगेर फर्कंदा राति ८:३० देखि ९:१५ बजेसम्म समय लाग्छ । यसरी हेर्दा आन्तरिक उडान पनि राति ९ बजेसम्म सञ्चालन भइरहेको छ ।

विशेषगरी क्षेत्रीय हब विमानस्थल रात्रिकालीन उडान योग्य भएकाले पनि उडान व्यवस्थापनमा सहजता आएको विमानस्थलको भनाइ छ । सामान्य अवस्थामा भन्दा दसैंका बेला दैनिक १० देखि १५ उडान संख्या बढ्न सक्ने विमानस्थलले जनाएको छ । अहिले आन्तरिकतर्फ दैनिक करिब ३०० उडान भइरहेको छ ।

# इपिएलको फाइनलमा चितवन

काठमाडौं (रासस)/ चितवन टाइगर्सले पोखरा राइनोजलाई ९ विकेटले पराजित गर्दै एभरेष्ट प्रिमियर लिग (इपिएल) टि टवान्टी क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बुधबार भएको खेलमा चितवन पहिलो पटक इपिएलको फाइनलमा पुगेको हो । पोखराले दिएको ६७ रनको समान्य लक्ष्य चितवनले ७ दशमलव ५ ओभरमा एक विकेट गुमाएर लक्ष्य पूरा गऱ्यो ।

चितवनको जितमा मोहमद साहजदले सर्वाधिक ४८ रन बनाए । उनले २६ बलमा ७ चौका र २ छक्का प्रहार गरे । यस्तै हसिम अन्सारीले अविजित १४ रन जोडे । करिम जनत ४ रनमा अविजित रहे । बलिङतर्फ पोखराका नन्दन यादवले एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको पोखरा १५ ओभरमा सबै विकेट गुमाउँदै ६६ रनमा समेटिएको थियो । पोखराका लागि रिचार्ड लेभीले सर्वाधिक १९ रन बनाए । सुनिल धमलाले १८ रन जोड्दा सुशन भारीले १२ रन बनाए ।

त्यसैगरी लोकेश बम ५, सहन अर्चाचिगे ३, विक्रम सोब ३, विवेक यादव २, असेला गुनारत्ने १ रनमा आउट भए । कप्तान विनोद भण्डारी र नन्दन यादव शून्य रनमा आउट हुँदा किशोर महतो १ रनमा अविजित रहे ।

पोखरालाई सस्तैमा समेट्न क्रममा चितवनका सागर ढकाल र शाहब आलमले ४/४ विकेट लिए भने सोमपाल कामी र करिम जनतले १/१ विकेट झारे ।

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# बागमती प्रदेश सरकारले सिन्धुपाल्चोक र नुवाकोटमा २ करोड लगानी गर्ने

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेश सरकारले बाढीपहिरोबाट प्रभावित भएको सिन्धुपाल्चोक र नुवाकोट जिल्लामा पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि २ करोड लगानी गर्ने निर्णय गरेको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्री डा.अजयक्रान्ति शाक्यको अध्यक्षतामा बुधबार बसेको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकले सो निर्णय गरेको हो । बैठकले उक्त रकम प्रदेश विपद् व्यवस्थापन कोषबाट दिने निर्णय गरेको हो ।



बैठकले सिन्धुपाल्चोकलाई अस्थायी आवास निर्माण र पुनर्निर्माणतर्फका लागि एक करोड ८८ लाख ७७ हजार ५ सय रुपैयाँ र नुवाकोटलाई अस्थायी आवास निर्माणका लागि ७ लाख ६५ हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको मन्त्री शाक्यले जानकारी दिए ।

बैठकले २०७७ जेठदेखि बाढीपहिरोलगायत मनसुनजन्य विपद्का घटनाहरूबाट क्षति पुगेका नीजि घर परिवारहरूलाई सरकारका तर्फबाट तत्काल गुजाराका लागि प्रतिपरिवार रु १० हजार सम्म वितरण गर्ने निर्णय गरेको छ ।

मन्त्री शाक्यका अनुसार, सिन्धुपाल्चोकमा जम्मा लाभग्राही ३६६ जनाको ३६ लाख ६० हजार र दोलखा जिल्लालाका पनि ९३ जनाको ९ लाख ३० हजार प्रदेश विपद् व्यवस्थापन कोषबाट सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिलाई रकम उपलब्ध गराइनेछ ।



मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा रहेको कुलेखानी प्रथम जलविद्युत आयोजनाको कुलेखानी जलाशय भरिएपछि डुवानमा परेका त्यहाँ वरपर रहेको साना होटलहरु । यसवर्ष कुलेखानी जलाशय पूर्ण रुपमा भरिएको आयोजनाको कार्यालयले जनाएको छ । जलाशय भरिएपछि कार्यालयले 'ओभर फ्लो वे'मार्फत पानी घटाएको थियो । *तस्वीर: सामाजिक सञ्जाल फेसबुकबाट*

# जिससद्वारा दसैंको अवसरमा शुभकामना आदानप्रदान



साझाकुरा संवाददाता

हेटौंडा/जिल्ला समन्वय समिति (जिसस) कार्यालय मकवानपुरको आयोजनामा शुभकामना आदानप्रदान कार्यक्रम भएको छ ।

विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत तथा छठ पर्वको अवसरमा आयोजित उक्त कार्यक्रम बागमती प्रदेशकी मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यको प्रमुख आतिथ्यतामा भएको हो ।

कार्यक्रममा बोल्दै मुख्यमन्त्री शाक्यले सबै जनतालाई सभ्य र भब्य तरिकाले चाडपर्व मनाउन शुभकामना दिएकी छन् । उनले भड्कीलो, खर्चिलो रुपमा चाडपर्व नमनाएर परिवारसँग बसेर पर्व मनाउन आग्रह गरेकी छन् । उनले कुनै पनि संस्कार भित्र विभेद गर्न नहुने भन्दै संस्कृतिको जर्गेना गर्दै देशको लोकतन्त्र, गणतन्त्र र संविधानको रक्षा गर्नुपर्ने बताइन् ।

यस्तै, जिसस मकवानपुरका प्रमुख रघुनाथ खुलालले पहिलाको भन्दा अहिले सांस्कृतिलाई हेर्ने दृष्टिकोण राम्रो तथा साकारात्मक भएको बताएका छन् । केही वर्ष अघि छठ पर्व तराई क्षेत्रमा मात्र मनाइने गरेको तथा दसैं पर्व पहाड क्षेत्रमा मात्र मनाइने गरेको भएपनि आजभोलि त्यो सांस्कृतिको दुरी समाप्त भएको बताए ।

उनले हाल कोरोना संक्रमितको दर घटेपनि जोखिम कायमै रहेका कारण स्वास्थ्य मापदण्ड अपनाएर चाडपर्व मनाउन जिल्लावासीलाई आग्रह गरेका छन् ।

जिसस मकवानपुरको प्रमुख रघुनाथ खुलालको अध्यक्षता तथा निवर्तमान मुख्यमन्त्री पौडेलको विशिष्ट आतिथ्यतामा भएको कार्यक्रममा बागमती प्रदेशको स्वास्थ्य मन्त्री प्रदीप कटुवाल, उद्योग पर्यटन वन तथा वातावरण मन्त्री शान्तीप्रसाद पौडेल, राज्यमन्त्री सरस्वती बाटी, समाजिक विकास तथा राज्यमन्त्री जुनेली श्रेष्ठ, भूमी व्यवस्था कृर्षी तथा सहकारी राज्यमन्त्री वद्री मैनाली तथा हेटौंडा उपमहानगरपालिकाको प्रमुख हरि बहादुर महत र प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, जनप्रतिनिधिलगायतको उपस्थिति रहेको थियो ।

# स्थापना दिवसमा मामाघरलाई आर्थिक सहयोग



साझाकुरा संवाददाता

हेटौंडा/रसायन तथा मेडिकल आपूर्ति संघ नेपाल (केनसान) मकवानपुरले मामाघर नेपाललाई आीर्थक रकम सहयोग गरेको छ ।

केनसान मकवानपुरले आफ्नो १७ औं स्थापना दिवस तथा दशैंको अवसरमा हेटौंडा -११, डाङडुङेस्थित मामाघर नेपाललाई नगद २० हजार रुपैयाँ सहयोग गरेको हो ।

बुधबार रसायन तथा मेडिकल आपूर्ति संघ मकवानपुरका अध्यक्ष लक्ष्मण अधिकारीले मामाघर नेपालकी उपाध्यक्ष इश्वरी अर्याललाई उक्त रकम हस्तान्तरण गरेका हुन् । मामाघर नेपालमा आश्रित बाल-बालिकाको आवश्यकता अनुसार खर्च गर्न मिल्ने गरी संघका अध्यक्ष अधिकारीको नेतृत्वमा संघका पदाधिकारी तथा सदस्यको समूह हेटौंडा-११ मामाघर नेपालमै पुगेर उक्त रकम हस्तान्तरण गरेको संघका सचिव सुरज चौलागाईंले जानकारी दिए ।

अभिभावकको लापरवाहीका कारण सडकमा कष्टकर जीवन बिताउन बाध्य बाल-बालिकाको उद्दार, संरक्षण र परिवारमा पुनर्मिलन गराउन मामाघर नेपालले समाजकै अभिभावकको रुपमा कार्य गर्दै आएको जानकारी गराउनुहुँदै उपाध्यक्ष अर्यालले सहयोगप्रति आभार व्यक्त गरिन् ।

मामाघर नेपालमा अहिले २१ जना बालकहरु आश्रित छन् । मामाघर नेपालमा आश्रित बालकहरु २ कक्षादेखि ११ कक्षासम्म अध्ययनरत छन् । केही बालक मामाघर नेपाल स्थापनाकालदेखि नै बस्दै आएका छन् भने पछिल्लो ५ महिनादेखि नयाँ बालकको उद्दार गर्न नपरेको मामाघर नेपालले जनाएको छ । संघको स्थापना दिवसकै अवसरमा आज साँझ हेटौंडाको बुद्धचोकमा दीप प्रज्वलन कार्यक्रमको आयोजना समेत गरिएको छ ।

# आजबाट यस वर्षको बडादशैं सुरु

साझाकुरा संवाददाता

हेटौंडा/यस वर्षको बडा दशैं आज बिहीबारबाट सुरु भएको छ । नवरात्रको पहिलो दिन घर घरमा देवी दुर्गाको प्रतिमा स्थापना गरी घटस्थापना मनाइने गरिन्छ ।

आज बिहीबार घटस्थापनाको दिन काठमाडौंको हनुमान ढोकास्थित दशैं घरमा पनि घटस्थापनाको शुभसाइतमा जमरा राखिँदैछ । यसैगरी मकवानपुरको विभिन्न मठमन्दिर, धार्मिक स्थलमा बर्षेनी जमरा राखिँदै आएको छ ।

आश्विन शुक्ल पक्ष प्रतिपदाको दिनलाई घटस्थापना भनिन्छ । यसै दिनदेखि नवरात्री आरम्भ हुन्छ । यस दिन घर घरमा जमरा राखिन्छ र कलशको स्थापना गरी देवीदेवताको आह्वान गरिन्छ । प्रतिपदादेखि क्रमश: शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्द माता, कात्यायिनी, कालरात्री, महागौरी, सिद्धिदात्री गरी नवदुर्गाको पूजा गर्दै सप्तशती (चण्डी) पाठ गरी नवदुर्गा र तृशक्ती महाकाली, महालक्ष्मी र महासरस्वोतिको विशेष पूजाआजा र आराधाना गरिन्छ ।



यस दिन झिसमिसे बिहानीमै आत्मशुद्धी गरी नदी, खोला, बगर या आफूलाई पायक पर्ने ठाउँमा गई चोखो बालुवा या माटो ल्याई दशैं घर या पूजाकोठामा राखी त्यस ठाउँमा जमरा उमार्न जौ, मकैलगायतका अनाज छर्ने गरिन्छ । माता भगवतीलाई मनपर्ने बनस्पति जमरा भएकाले भगवतीलाई खुशी पार्नको लागि जमरा उमार्ने गरिएको हो ।

यसैगरी माटोको विशुद्ध जलपूर्ण घडाको वरिपरि नौवटा देवीको स्वरुपको प्रतिमूर्ति मानी गाईको गोबरले नौवटा देवीको वेदी बनाई लेपन गरिन्छ र घडाको वरिपरी जौ छर्ने गरिन्छ । अनि अनन्त शक्तिस्वरुपा महाकाली, महालक्ष्मी र महासरस्वतीको पूजाआजा गरिन्छ । यसै दिनदेखि नवमीसम्म घरघरमा र देवीका मन्दिरमा पहिलो दिनकै बमोजिम भगवती दुर्गाको पूजा, आराधना र प्रार्थना गरिन्छ । दुर्गा सप्तशती चण्डी पाठ गरिन्छ । आज राखिएको जमरा देवीको प्रसादका रुपमा विजया दशमीका दिन मान्यजनको हातबाट टीकासँगै लगाइने गरिन्छ । उपत्यका लगायत देशैभरको देवी मन्दिरहरुमा आज बिहानैदेखि दर्शन गर्न जानेको घुईंचो लागेको छ ।


विजया दशमीको दिन भगवतिले दानवी शक्तिमाथि र रामले रावणमाथि विजय हासिल गरेको उपलक्ष्य र खुसीयालीमा नवदुर्गा भवानीको प्रसादस्वरुप रातो टीका र जमरा लगाउने चलन छ । आश्विन (असोज) महिनाको शुक्ल पक्षको दशमी तिथिको दिन यस पर्वको प्रमुख दिन हो ।

बताइन्छ कि भगवान् रामले यसै दिन रावणको वध गरेका थिए । यसलाई असत्य माथि सत्यको विजयको रूपमा लिईन्छ । यसकारण, यस दशमीलाई विजया दशमी भनिएको हो ।

वरपरका मानिसलाई समेत सजिलो होस् भन्ने हेतुले यो कार्य पूर्णिमासम्म गरिन्छ । आफ्ना नाता कुटुम्ब ठूला बडा र मान्यजनबाट टिका तथा जमरा लगाउने र आशीर्वाद प्राप्त गर्ने नयाँ नयाँ कपडाहरू लगाउने, आफ्नो क्षमता अनुसार मीठो खाना खाने ख्वाउने, घर आँगन, बाटोघाटो, गाँउ बस्ती सफासुग्गर राख्ने जस्ता काम यस चाडमा विशेष उत्साहका साथ गरिन्छ ।

रोजगारी, अध्ययन एवम् अन्य काम विशेषले आफ्नो घर बाहिर रहेका मानिस दशैंका अवसर पारेर घर फर्कने र परिवारका साथ बसेर दशैं मनाउने भएकाले यस पर्वलाई पारिवारिक पुनर्मिलनको पर्वका रुपमा समेत लिइन्छ ।

# ६ जना थपिँदा, ३९ जना कोरोना संक्रमणमुक्त



साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा पछिल्लो २४ घण्टामा थप ६ जना कोरोना भाइरस संक्रमित थपिँदा ३९ जना कोरोना संक्रमणमुक्त भएका छन् । पछिल्लो २४ घण्टामा ३७ जनाको पीसीआर र २ जनाको एन्टीजेन परीक्षण गर्दा उनीरुमा कोरोना पुष्टि भएको हो ।

संक्रमण पुष्टि हुनेमा सबै जना हेटौंडा उपमहानगरपालिकाका रहेका छन् । यससँगै जिल्लामा कोरोना संक्रमण पुष्टि हुनेको कुल संख्या १५ हजार २ सय ७३ जना पुगेको छ । तीमध्ये हालसम्म १४ हजार ९ सय ४० जना कोरोना संक्रमणमुक्त भएका छन् ।

जिल्लामा पछिल्लो २४ घण्टामा थप १२ जना संक्रमण मुक्त भएका छन् । संक्रमणमुक्त हुनेमा हेटौंडा उपमहानगरपालिकाका ८ जना, बकैया गाउँपालिकाका २ जना, थाहा नगरपालिका र मकवानपुरगढी गाउँपालिकाका एक/एक जना रहेका छन् ।

जिल्लामा हालसम्म कोरोना संक्रमणका कारण मृत्यु हुनेको संख्या १ सय ६५ जना पुगेको छ । जिल्लामा आज थप एक जना कोरोना संक्रमितको मृत्यु भएसँगै मृतकको संख्या १ सय ६५ पुगेको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

जिल्लामा हालसम्म हेटौंडाका १ सय १७ जना, थाहानगरपालिकाका ९ जना, मकवानपुरगढीका ५ जना, बागमतीका ४ जना, कैलाशका २ जना, मनहरीका १४, भीमफेदीका ७, बकैयाका ५ जना र राक्सिराङ गाउँपालिकाका २ जनाको मृत्यु भएको छ । जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा भने कोरोना संक्रमणका कारण हालसम्म कुनैपनि व्यक्ति निधन नभएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

# रानीद्वारा शुभकामना आदानप्रदान



साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-६ चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहले विजयादशमी तथा दिपावलीको अवसरमा शुभ-कामना आदानप्रदान तथा चियापान कार्यक्रमको आयोजना गरेको छ ।

समूहले प्रत्येक वर्ष झैं यसबर्ष पनि शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम गरेको हो । हेटौडा-६ का वडा अध्यक्ष अर्जुन प्रसाद चौलागाईको प्रमुख आतिथ्यता एवं समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपानेको अध्यक्षतामा कार्यक्रम भएको छ । कार्यक्रममा वन समूहका सल्लाहकार कृष्ण बिडारी, चित्रेपानी सामुदायिक वनका अध्यक्ष सूर्य बहादुर घलान, न्यूरेनी चिसापानी सामुदायिक वनका उपाध्यक्ष रामचन्द्र अधिकारी, उन्नती आयआर्जन महिला समूहकी अध्यक्ष विमला दंगाल, प्रदेश राष्ट्रिय दैनिकका सम्पादक विजय पौडेल, रक्षादेवी टोल विकास संस्थाका सचिव राजकुमार फुयाँल, समूहका उपाध्यक्ष केशव धिताल, कार्यालय सचिव भीमसेन पौडेल लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा वन समूहका पदाधिकारी, सल्लाहकार, लेखा समिति, महिला उपसमिति, उपभोक्ता, कर्मचारी र सञ्चारकर्मीहरुको सहभागिता थियो ।

# आचार्य र ढकालको स्वरमा चकलेटी स्याउ

साझाकुरा संवाददाता

हेटौंडा/गायक समिर आचार्य र हेटौंडेली गायिका स्वस्तिका ढकालको नयाँ गीत सार्वजनिक भएको छ ।

'घाममा सुकाइदेउ, पिच रोड'लगायतका गीत सार्वजनिक गरिसकेका गायक समिरलाई ढकालले साथ दिएकी छिन् । दिनेश राज पुरीको शब्द रहेको यो गीतमा अर्जुन पोखरेलको संगीत रहेको छ । गीतको भिडियोमा कलाकार सागर लम्साल, प्रिज्मा र प्रिन्सी खतिवडाको अभिनय छ ।



शान थापाले यो भिडियोको निर्देशन गरेका हुन् । मनोज बस्नेतको लगानीमा बनेको भिडियोमा हरि हुमागाँइको छायांकन, सुप्रिम पराजुलीको सम्पादन, राजिभ समरको कोरियोग्राफी छ । सार्वजनिक भएको छोटो समयमै दर्शकको राम्रो प्रतिक्रिया पाएपछि समिरले आफू उत्साहित भएको बताए ।


## हार्दिक समवेदना

यस संघका पूर्व अध्यक्ष श्री नियमराज शाक्यज्यूको ममतामयी माता **कान्छीमाया शाक्यको** स्वर्गारोहणप्रति हामी अत्यन्तै मर्माहत भएका छौं । यस दु:खद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।



जन्म: १९९५
स्वर्गारोहण: २०७८/६/७

हेमराज बानिया (अध्यक्ष) संजय प्रसाद रौनियार (सचिव)

एवम्

**मकवानपुर भाँडा व्यवसायी संघ, परिवार**






**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४१७७१६६४, ९८५५०३१६६४



## निर्माण सम्बन्धि सामाग्री खरिद गर्न हामीलाई सम्झनुहोस्

घर वा ठूला आयोजना निर्माण गर्दै हुन्छ ?



निर्माणका लागि हार्डवेयर सामाग्री एकमुष्ठ खरिद गर्न अब



हामीलाई सम्झानुहोस् । यहाँ विभिन्न कम्पनीका रड, सिमेन्ट, रंग/रोगन, वाथरुम र गाडी मर्मतका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।

**हाम्रो हार्डवेयर एण्ड सप्लायर्स**
हेटौंडा-४, कान्तिराजपथ, फोन: ०५७-५२०६४१, ९८५५०४२९६३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल